


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेन्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १ गते बुधबार ❑ 17 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## मेडिकल कलेज स्थापना सरकारको प्राथमिकतामा छ: मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० कार्तिक**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशमा मेडिकल कलेज सञ्चालन सरकारको प्राथमिकताको विषय भएको भन्दै यसको अगुवाई गण्डकी विश्वविद्यालयले अगुवाई गर्नुपर्ने बताएका छन् । सबै प्रदेशमा सरकारीस्तरको कम्तीमा पनि एउटा मेडिकल हुनुपर्ने प्रावधान छ ।

युग सुहाउँदो जनशक्ति उत्पादनका लागि २ वर्ष अगाडि सञ्चालनमा आएको गण्डकी विश्वविद्यालयले यस अघि नै मेडिकल कलेज सञ्चालन गर्ने घोषणा गरिसकेको छ । गण्डकी विश्वविद्यालयले प्रकाशन गरेको अन्तर्राष्ट्रिय वैज्ञानिक कार्यशालाको कन्फरेन्स प्रोसिडिङ्स विमोचन कार्यक्रममा मंगलबार मुख्यमन्त्री पोखरेलले नागरिकलाई सर्बसुलभ स्वास्थ्य सेवा दिलाउन र स्वास्थ्यमा दक्ष जनशक्ति उत्पादनका लागि मेडिकल कलेज स्थापना गर्नैपर्ने बताएका छन् । उनले भने, 'धेरै विषयमा अगाडि रहेको गण्डकी प्रदेश यसमा किन पछाडि पऱ्यो, सोच्ने बेला आएको छ, तैपनि हामीले नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकतामै राखेका छौं ।' उनका अनुसार प्रदेशको पहिचान हुनु जरुरी भएकाले



प्रदेशले आफ्नै विश्वविद्यालयको परिकल्पना गरेको हो । 'यो विश्वविद्यालयले नेपालमा भएका अरु विश्वविद्यालय भन्दा आफूलाई फरक रुपमा प्रस्तुत गर्नुपर्छ र त्यसै अनुसारको जनशक्ति उत्पादनमा लाग्नुपर्छ, यहाँको जनशक्ति खोसाखोस हुनुपर्छ ।'

विश्वविद्यालयले गर्दै आएका कार्यसम्पदानतर्फ इंगित गर्दै मुख्यमनन्त्री पोखरेलले कतिपय निर्णय र काम गदाए प्राविधिक रुपमा मात्र हेरेर हुँदैन भने । उनले भने, 'विश्वविद्यालयलाई प्राविधि, वास्तविक र व्यावहारिक तिनै कुरालाई मिलाएर जानुपर्दछ ।' हाम्रो स्रोत, साधन र शक्ति भ्याएसम्म जसरी विश्वविद्यालय स्थापनामा अगाडि भयौं, यसलाई सफल बनाउन पनि मेहनत गर्नुपर्दछ ।' सरकार, नीति तथा योजना आयोग र सम्बन्धित मन्त्रालयसँग समन्वय गरेर अगाडि बढ्न उनले आग्रह गरे । छात्रवृत्ति वितरणमा देखिएको समस्या समाधानका लागि पनि संघ सरकारसँग समन्वय गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा मन्त्री डोवाटे विश्वकर्माले विश्वविद्यालय सम्बन्धी विधेयक सदनमा आएदेखि नै आफूले यसमा विशेष चासो दिएको बताए । विश्वविद्यालयलाई समावेशी संरचनाको बनाउन आफूले संशोधन दर्ता गराए पनि त्यतिबेला आफूहरु प्रतिपक्षमा भएका कारण पारित नभएको उनले स्मरण गरे । अब जसरी भए पनि युग सुहाउँदो र बजारले मागेको खालको जनशक्ति निर्माणमा विश्वविद्यालय केन्द्रित हुनुपर्ने उनको भनाइ थियो । उक्त अवसरमा विश्वविद्यालयका कुलपति प्राडा गणेशमान गुरुङले विश्वविद्यालयले आविश्कार केन्द्र निर्माणदेखि शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको जानकारी गराए । बेलायतको मिजोर विश्वविद्यालयसँग विद्यार्थी आदानप्रदानका बारेमा सहमति भइसकेको, कोरिया र नर्बेका विश्वविद्यालयसँग पनि सहकार्य गर्ने प्रक्रिया अगाडि बढाइएको उनले बताए । गण्डकी प्रदेश लोकगीत र संस्कृतिको खानी भएकाले लोक दोहोरी विभाग सञ्चालन सोच विश्वविद्यालयले बनाएको कुलपति गुरुङले सुनाए । गण्डकी प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष डा. रघुराज काफ्लेले विश्वस्तरमा प्रतिस्पर्धा गर्ने जनशक्ति उत्पादनमै विश्वविद्यालयको ध्यान केन्द्रित हुनुपर्ने बताए । अनुसन्धानमूलक प्रस्तुतिहरुको संगालो प्रकाशन गरेर विश्वविद्यालयजस्तो प्राज्ञिक संस्थाले गर्नुपर्ने महत्वपूर्ण काम भएको भन्दै उनले प्रशंसा समेत गरे । कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्राडा नवराज देवकोटाले संघ सरकारको कानुन अनुसार स्थापित विश्वविद्यायहरुमा छात्रवृत्ति सम्बन्धी बनेका नियम पालन गर्न केही प्राविधि समस्या आइपरेको बताए । अहिले विश्वविद्यालयले स्नातक तहमा सूचना प्रविधि, स्पोर्ट्स म्यानेजमेन्ट र फार्मेसीका कक्षा सुरु गरेको जानकारी उनले गराए ।

विश्वविद्यालयका रजिस्टार डा. कैलाश तिमिल्सिनाले स्वागत गर्दै दलीय राजनीतिको प्रभावबाट माथि उठेर शैक्षिक गतिविधि सञ्चालन गर्न आफूहरु लागीपरेको बताए ।

## कोरोनालाई देखाएर अब विकास निर्माणलाई प्रभाव पार्न पाइदैन: अर्थ मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३० कार्तिक**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले कोरोनालाई देखाउर अब विकास निर्माणलाई प्रभाव पर्न नपाइने बताउनु भएको छ ।

अर्थ मन्त्रालयले मंगलबार म्याग्दीमा आयोजना गरेको बजेट कार्यान्वय र आर्थिक अनुशासन सम्बन्धि अन्तरक्रिया एवं छलफल कार्यक्रममा वोल्दै मन्त्री बरालले अब नतिजा दिने गरी काम गर्न कर्मचारीलाई निर्देशन दिदै अब कोरोनालाई देखाएर विकास निर्माणलाई प्रभाव पार्न नपाइने बताउनु भएको हो ।

हाल कोरोनाको प्रभाव विस्तारकै कम हुदै आएकोले बहिरीको रुपमा रहेको कोरोनाबाट सचेत हुदै विकास निर्माणलाई गति दिने गरी अघि बढ्न मन्त्री बरालले बताउनु भयो । थोरै बजेट र खुद्रे बजेट आएको भन्ने प्रश्नमा मन्त्री बरालले प्राप्त बजेट प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्न बताउनु भएको छ । अभ्यासकै क्रममा रहेको हुदा तीन तहका सरकार बिच समन्वय, सहकार्य र सहअस्तित्व हुन नसक्दा कार्यक्रमहरु प्रभावकारी हुन नसकेको उहाँले बताउनु भयो ।



प्रदेशले आन्तरिक श्रोतलाई कसरी बृद्धि गर्न सकिन्छ, त्यसको श्रोतहरु के के हुन त्यस तर्फ सवैको ध्यान केन्द्रित हुनु पर्ने धारणा व्यक्त गर्नु भयो । करको दर भन्दा दायराका क्षेत्रहरु ध्यान केन्द्रित हुनु पर्ने उहाँको भनाई थियो ।

अर्थ मन्त्रालयका सचिव बैकुण्ठ प्रसाद अर्यालले म्याग्दी जिल्लाको संक्षिप्त कार्यप्रगती पेश गर्दै गत बर्ष ७१.४३ प्रतिशत बजेट कार्यान्वयन भएकोमा यस बर्षको पहिलो चौमासिकमा करिब ८ प्रतिशत बजेट खर्च भएको बताउनु भयो । बहुबर्षीय योजनाहरुमा कम्तिमा पनि २० प्रतिशत बजेट सुनिश्चित नभएसम्म कार्यान्वयनमा लैजान नसकिने उहाँले बताउनु भयो । एउटै कार्यक्रममा दुई योजना भए एउटा मात्र कार्यक्रम लागु हुने सचिव अर्यालले जनाउनु भयो ।

कोष लेखा तथा नियन्त्रक कार्यालय म्याग्दीका युक्त प्रसाद शर्माले अझै पनि ४० देखि ४५ प्रतिशत बजेट खर्च असारमा हुने हुँदा यसलाई समयमै सुधार गर्नुपर्ने बताउनु भयो । पूर्वाधार विकास कार्यालय म्याग्दीका सन्तोस अर्यालले बहुबर्षीय योजनाहरु यसै बर्ष संचालनको लागि आवश्यक बजेट विनियोजन नभएको गुनासो गर्नू भयो । यस बर्ष टुक्रे धेरै योजना परेको एकै योजनामा अघि र पछि गरी बजेट समेत विनियोजन भएको उहाँको भनाई थियो । स्वास्थ्य कार्यालय म्याग्दीका एकनारायण भुषालले लेखा तथा प्रशासनका कर्मचारी अभाव भएको गुनासो गर्नु भयो । कोरोनाबाट म्याग्दीका ८२ जनाको मृत्यु भएको र हाल ४ जना कोरोनाका बिरामी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रेस चौतारी कास्कीको अधिवेशन मंसिर ३ गते हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० कार्तिक**

प्रेस चौतारी नेपाल कास्कीको अधिवेशन यहि मंसिर ३ गते पोखरामा हुने भएको छ ।

प्रेस चौतारी कास्कीका अध्यक्ष अर्जुन गिरीको अध्यक्षतामा मंगलबार बसेको बैठकले अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको जनाईएको छ । चौतारीका देशभरका शाखाहरु मध्ये कास्कीले उदहारणीय सन्देश दिनेगरी अधिवेशन सम्पन्न गरिने बैठकले निर्णय गरेको छ ।

अधिवेशन सफल पार्नका लागि अध्यक्ष गिरीको संयोजकत्वमा विभिन्न उपसमितिहरु गठन गरी कार्य अघि बढाईएको छ । सदस्यता नविकरण उपसमितिमा संयोजकमा रञ्जन अधिकारी, आर्थिक उपसमितिमा कमल सुवेदी, प्रचारप्रसार उपसमिति संयोजकमा जीवन सुवेदी, मञ्च व्यवस्थापन उपसमितिमा दिपक पौडेल र आन्तरिक व्यवस्थापन उपसमिति संयोजकमा गौरव त्रिपाठी रहेका छन् ।

लामो समयदेखि हुन नसकेको चौतारीको अधिवेशनले नयाँ नेतृत्व समेत चयन गर्नेछ । आगामी नेतृत्वका लागि सर्वसम्मतको प्रयास गर्ने समेत बैठकले निर्णय गरेको छ ।

## गण्डकीमा लागु भयो कर्मचारी सूचना प्रणाली

**पोखरापत्र संवाददाता**
**पोखरा, ३० कार्तिक**

गण्डकी प्रदेश सरकारले कर्मचारी सूचना प्रणाली लागु गरेको छ ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले उक्त प्रणालीको सुरुआत गरे । एकीकृत विवरण कर्मचारीको सरुवा बढुवा एकरुपता नदेखिएको भन्दै अबका दिनमायो समस्या नआउने विश्वास उनले व्यक्त गरे ।

प्रदेशस्तरमा रहेका सबै कर्मचारीको यथार्थ विवरण राख्नका यो प्रणाली लागु गरिएको प्रमुख सचिव डा. दामोदर रेग्मीले बताए । उक्त प्रणालीमा कर्मचारीको पद विवरण, तह विवरण, सेवा, समूह, जिल्लामात्र नभएर सरुवा पत्र र टिप्पणि पत्रको ढाँचा समेत उल्लेख छ । गण्डकी प्रदेशमा करिब ३ हजार कर्मचारीको दरबन्दी छ । तीमध्ये २ हजार मात्र पुर्ति भएको छ । डा. रेग्मीले भने,'कर्मचारीको सरुवा, बढुवा मात्र नभई कारवाही र पुरस्कारका लागि पनि यो प्रणाली सहयोगशिद्ध हुन्छ ।' ७ प्रदेशमध्ये गण्डकीका यो प्रणाली पहिलोपटक लागु भएको उनले दाबी गरे ।

## महाधिवेशनको उद्घाटन सत्रमा एक लाख सहभागी गराइने

**पोखरापत्र संवाददाता**
**चितवन, ३० कार्तिक**

नेकपा (एमाले) चितवन शाखाले पार्टीको१०औं महाधिवेशन उद्घाटन सत्रमा एक लाखभन्दा बढी जनता सहभागी गराउने गरी तयारी गरिरहेको छ । जिल्लाका ९८ वटा वडा तहबाटै महाधिवेशन उद्घाटन सत्रमा उक्त सङ्ख्याका कार्यकर्ता सहभागी गराउनका लागि विभिन्न प्रचार र तयारीका कार्यक्रम थालेको हो ।

जिल्ला अध्यक्ष पार्वती रावलका अनुसार जनसहभागिता गराउनका लागि जिल्लाका सम्पूर्ण पार्टी पङ्क्तिलाई परिचालन गरिएको छ । उद्घाटन सत्रमा भरतपुर महानगरपालिकाभित्रबाट ४० हजार, रत्ननगर नगरपालिकाबाट १६ हजार, खैरहनी र राप्ती नगरपालिकाबाट १३-१३ हजार, कालिका नगरपालिकाबाट ११ हजार, माडी र ईच्छाकामनाबाट ३-३ हजार सहभागी हुने अनुमान गरिएको छ ।

यसैगरी पेशागत सङ्घ सङ्गठन र अन्यबाट थप पाँच हजार हाराहारी सहभागी हुने अनुमान गरिएको छ । जिल्लामा नेकपा (एमाले)का सङ्गठित सदस्य २५ हजार छन् । रावलले एक सङ्गठित सदस्यले कम्तीमा चारजना ल्याउने गरी एक लाख सहभागी

बाँकी अन्तिम पृष्ठमा ▶▶


## तथ्याङ्क सङ्कलन कार्यलाई प्रभावित नपार्न आग्रह

**रासस**
**काठमाडौं, ३० कार्तिक**

केन्द्रीय तथ्याङ्क विभागले राष्ट्रिय जनगणना-२०७८ को मुख्य गणना कार्यअन्तर्गत स्थलगत तथ्याङ्क सङ्कलन कार्यलाई प्रभाव नपार्न र कार्यरत कर्मचारीबाट भइरहेको निष्पक्ष कार्यलाई दुरुत्साहित नगर्न आग्रह गरेको छ ।

विभागले मंगलबार विज्ञप्ति जारी गरी कर्मचारीको जिउज्यानमा खतरा हुने कुनै पनि किसिमको विचार तथा वक्तव्य दिने कार्यले आपसी द्वन्द्व बढाउने र जनगणना कार्यमा प्रतिकूल प्रभाव पर्ने हुँदा राष्ट्रिय जनगणना सञ्चालन निर्देशिका, २०७७ को पूर्णपालना गर्नुहुन सम्बन्धित सबैमा आग्रह गरेको हो । यही कात्तिक २५ बाट सुरु भएको र आगामी मङ्सिर ९ गते समापन हुने जनगणनामा केही व्यक्ति तथा संस्थाबाट व्यक्त स्थलगत तथ्याङ्क सङ्कलन कार्यमा संलग्न केही गणकको कामबाट सही तथ्याङ्क प्राप्त गर्न नसकिने भन्ने खालका विचार तथा केही व्यक्ति तथा संस्थाले उत्तरदातालाई आफ्नो संस्थागत निर्णयअनुरूपको उत्तर दिन लिखित वक्तव्य प्रसारण गरिएका विषयमा विभागले ध्यानाकर्षण भएको जनाएको हो । जनगणना प्रश्नावलीलाई अन्तिमरूप दिन विभिन्न जातजाति, भाषिक, धार्मिक, लैङ्गिक, अपाङ्गता तथा अन्य सरोकारवाला समुदाय/सङ्घसंस्था र विषय विज्ञसँग पटकपटक छलफल गरिएको र प्राप्त सुझावमा विषयगत समिति र प्राविधिक समितिमा पनि यथेष्ट मात्रामा छलफल गरी अन्तिमरूप दिने कार्य भएको विभागले जनाएको छ । प्रश्नावली निर्माणलगायत अन्य गणना कार्य गर्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्याससमेत अवलम्बन गरिएको र तथ्याङ्क ऐन २०१५ बमोजिम स्थापित सो विभाग तथ्याङ्क सङ्कलन, प्रशोधन, प्रकाशन, वितरण तथा भण्डारण गर्ने राज्यकै एक स्वतन्त्र निकाय भएकाले यसले कसैको पनि पक्ष वा विपक्षमा काम नगर्ने विभागको भनाइ छ ।

यथार्थभन्दा फरक आफ्नो व्यक्तिगत वा संस्थागत निर्णयअनुरूपको उत्तर उत्तरदातालाई दिन अभिप्रेरित गर्नाले सही तथ्याङ्क सङ्कलन गर्न नसकिने विभागले स्पष्ट पारेको छ । तथ्याङ्क सङ्कलन कार्यका लागि देशैभर करिब चालीस हजार गणक र आठ हजार ५०० सुपरिवेक्षक खटाइएको छ ।



# पोखराका प्रमुख गन्तव्य घुम्न 'साइटसिन बस' सञ्चालन

–जमुना वर्षा शर्मा
पोखरा, ३० कार्तिक (रासस)

कोरोनाको प्रभाव कम हुँदैछ। पोखरामा आन्तरिक पर्यटकको चहलपहल पनि बढ्दै गएको छ । पर्यटकीय नगरी पोखरा आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख रोजाइको सहर पनि हो। छोटो बसाइमा सहजरूपमा पोखरा घुम्न चाहनेलाई लक्षित गरी पहिलोपल्ट स्विफ्ट होलिडे पोखराले 'सिटी साइटसिन' बस सञ्चालनमा ल्याएको छ।




पोखराका प्रमुख आकर्षक पर्यटकीय गन्तव्यहरू घुम्न चाहने पर्यटकलाई लक्षित गरी सिटी साइटसिन र हिल हाइकिङका रुट १ र २ गरेर दुईवटा बस सञ्चालनमा ल्याएको कम्पनिका बजार व्यवस्थापक प्रदीप भट्टले जानकारी दिनुभयो। "पोखरामा धेरै पर्यटक घुम्न आउँछन् तर सबैको हैसियत ट्याक्सी र अन्य गाडी रिजर्भ गरेर घुम्न सक्ने हुँदैन, हामीले त्यस्ता पर्यटक लक्षित गरेर ६ सयको प्याकेजमा घुम्ने व्यवस्था गरेका छौं ।" पर्यटकले उक्त प्याकेजमा २५ सिट क्षमताका बसमा पोखराका प्रमुख पर्यटकीय गन्तव्य जानकारसहित घुम्न पाउनेछन् । असोज १ देखि यो सेवा सुरु भएको हो।

रुट १ को बस हल्लनचोकबाट छुट्नेछ। विन्ध्यवासिनी मन्दिरको दर्शनसँगै पर्यटकलाई चमेरे गुफा, महेन्द्र गुफा, सेती नदी हुँदै वेगनासतालको अवलोकनपछि दिवा खानामा रोकिनेछ । त्यसपछि डेभिजफल्स र गुप्तेश्वर गुफा, लेकसाइड हुँदै खपौदी गएर एक घण्टा घुमघामको लागि रोकेपछि पर्यटकलाई हल्लनचोक र फिस्टेल गेटमा छोडेर ८ घण्टाको घुमघाम प्याकेज सकिनेछ। रुट २ मा पोखराको स्टिट नं २ फिस्टेल गेटबाट बिहान यात्रा सुरु हुनेछ । पर्यटकलाई विन्ध्यवासिनी मन्दिरको दर्शन गराएर सराङकोटको भ्यूटावर पोखराको बजारको अवलोकन गराइन्छ । पोखराको पुरानो बजार मोहोरिया टोल, भीमसेन टोल हुँदै, रातो पैह्रोस्थित बज्जी नेपालको अवलोकनसँगै डेभिजफल्स, गुप्तेश्वर गुफा भ्रमणपछि खानको समय हुनेछ। त्यसपछि पुम्दी भुम्दीको शान्ति स्तूपा र शिव मूर्ति लगिनेछ।

यात्रामा अवलोकन गर्ने ठाँउहरूको प्रवेश शुल्क र खानाको खर्च आफैं व्यवस्था गर्नुपर्नेछ। बस टिकट इसेवाबाट र ट्राभल एजेन्सीबाट काट्न सकिनेछ । भारतीय नागरिक र आन्तरिक पर्यटकले यो प्याकेज बढी रुचाएको भट्टले बताउनुभयो। पोखरा दोस्रो पल्ट घुम्न आउनुभएका बुटवलका ४० वर्षीय सागर विश्वकर्मले साइटसिन बसबाट यात्रा गर्दा सस्तो र सहज भएको बताउनुभयो । "म पहिला यता उता घुम्दा घुम्दै चार पाँच हजार खर्च भएको थियो, अहिले साइटसिनबाट एक दिनमा पोखराका घुम्नै पर्ने ठाउँहरूको अवलोकन सस्तोमा गर्न सफल भए", विश्वकर्माले भन्नुभयो।

न्यून आएका भएकालाई यो प्याकेजले राहत मिलेको उहाँले बताउनुभयो। सस्तो प्याकेजको खाना र आवासको व्यवस्था गराउन सके अझै राहत हुने यात्रुको सुझाव छ।

छोटो बसाइ र कम खर्चमा पोखरा घुम्न चाहनेलाई लक्षित साइटसिन बस सञ्चालन हुनु पर्यटन क्षेत्रका लागि राम्रो भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले बताउनुभयो । "विशेष गरी आन्तरिक पर्यटक लक्षित बसले पोखराको पर्यटनमा सकारात्मक प्रभाव पार्ने विश्वास लिन सकिन्छ", भट्टराईले भन्नुभयो।



सुनसान पोखराको महेन्द्रपुलः नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले मंगलबार आह्वान गरेको नेपाल बन्दका कारण सुनसान बनेको पोखराको महेन्द्रपुल । तस्वीर : कृष्ण दवाडी, रासस

# रोमाञ्चक खेलमा नवलपुर एक विकेटले विजयी

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

पोखरा रंगशालामा जारी वाई वाई यु-१९, गण्डकी प्रदेश क्षेत्रिय छनौट क्रिकेट प्रतियोगिता अन्तर्गत मंगलबारको खेलमा नवलपुर विजयी भएको छ।



रोमान्चक खेलमा नवलपुरले कास्कीलाई १ विकेटले पराजित गरेको हो। नवलपुरले टस जितेर कास्कीलाई व्याटिङको निम्तो दिएपछि कास्कीले ४० ओभरमा सम्पूर्ण विकेट गुमाउँदै १ सय ३६ रन बनायो। कास्कीको तर्फबाट सिविन श्रेष्ठले ३४, सुवास भण्डारीले २७ तथा आयुष सैंजुले २५ रन जोडे। कास्कीलाई सस्तैमा समेट्न नवलपुरका बलरहु सुदिप अर्यालले ३ तथा निश्चल भुसाल, कमल परियार र स्विकार श्रेष्ठले समान २/२ विकेट लिए । प्रत्युत्तरमा १ सय ३७ रनको लक्ष्य पछ्याएको नवलपुलाई जितका लागि अन्तिम बल सम्म कुर्न पऱ्यो । म्यान अफ द म्याच दिपक प्रसाद डुम्रेले अभिजित ४६ रन जोड्दै टिमलाई जितको बाटो देखाएका हुन्। त्यस्तै भुपेन पुनले २१ रन जोडे । कास्कीका बलरहरु सुवास भण्डारीले ३ विकेट लिए भने किरण पौडेल, नितेस गिरी, अभिषेक थापा र प्रमोद बाँस्तोलाले १/१ विकेट बाँडे। खेलमा ४६ रन बनाएका नवलपुरका दिपक म्यान अफ द म्याच भए।

नेपाल क्रिकेट संघका केन्द्रिय सदस्य ऋषिराम गौतमले उनलाई म्यान अफ द म्याच ट्रफि प्रदान गरेका थिए। प्रतियोगितामा बुधबार स्याँग्जा र तनहुँ बिच प्रतिस्पर्धा हुने आयोजक क्षेत्रिय क्रिकेट संघ गण्डकी प्रदेशले जानकारी दिएको छ।

# शहीद स्मारक ए डिभिजन लिगको खेल दशरथ रङ्गशालामा हुने

रासस
काठमाडौं, ३० कार्तिक

शहीद स्मारक ए डिभिजन लिग-२०७८ फुटबल प्रतियोगिताअन्तर्गत सुरुआती दुई चरणका सम्पूर्ण खेलहरू दशरथ रङ्गशालामा हुने पक्का भएको छ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले मंगलबार सार्वजनिक गरेको नयाँ खेल तालिकाअनुसार दुई चरणको सबै खेल त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुनेछ । यसअघि एन्फाले लिगको खेल दशरथ रङ्गशाला र सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा हुने जनाएको थियो। मङ्सिर ३ गतेदेखि सुरु हुने लिगको उद्घाटन खेलमा फ्रेन्ड्स क्लब कुपन्डोल र नवप्रवेशी सातदोबाटो युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ । दशरथ रङ्गशालामा हुने उद्घाटन खेल फ्लड लाइटमा खेलाइने छ।

उक्त खेल अपराह्न ४:४५ बजे सुरु हुनेछ। लिगमा विभिन्न १४ टोलीले प्रतिस्पर्धा गर्नेछन्। त्रिभुवन आर्मी फुटबल क्लब, एपीएफ फुटबल क्लब, मछिन्द्र फुटबल क्लब, सङ्कटा फुटबल क्लब, नेपाल पुलिस फुटबल क्लब र हिमालयन शेर्पा फुटबल क्लब रहेका छन् । त्यसैगरी सातदोबाटो फुटबल क्लब, मनाङ मर्स्याङ्दी फुटबल क्लब, थ्रि स्टार फुटबल क्लब, एनआरटी फुटबल क्लब, फ्रेन्ड्स फुटबल क्लब, च्यासल युथ क्लब, जावलाखेल युथ क्लब र बिग्रेड ब्वाइज फुटबल क्लब सहभागी छन्।

उक्त प्रतियोगिताको खेलका लागि साधारणतर्फ टिकट दर रु १०० र भीआइपीतर्फ रु ५०० मूल्य निर्धारण गरिएको छ । यसपटक अन्तिम स्थानमा रहने दुई टोली रेलिगेसनमा पर्नेछन्। अघिल्लो सिजनको उपाधि भने मछिन्द्र क्लबले जितेको थियो । लिग विजेता टोलीले रु ७५ लाख तथा उपविजेताले रु ५० लाख पाउनेछ।

# कोरोनालाई...

भएको उहाँले बताउनु भयो । १८ बर्ष माथिका करिब ५५ प्रतिशत जनसङमा कोरोना बिरुद्धको खोप उपलब्ध गराइएको भुषालले जनाउनु भयो । बेनी अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेन डा.जितेन्द्र कंडेलले लेखाको दरवन्दी भएकोले कर्मचारीले तलव भत्ता खान समस्या भएको बताउनु भयो । सामाजिक विकास कार्यालय म्याग्दीका रमेश थापाले १६ वटा योजनाहरु परे पनि योजना परेको ठाँउको बारेमा पत्ता लगाउन एक महिना समय लागेको बताउनु भयो । ज्येष्ठ नागरिक र प्रभावित व्यक्तिहरुको आश्रमको रुपमा व्यवस्थापन गर्न एउटा सामुदायिक भवन आवश्यक भएको उहाँले बताउनु भयो।

म्याग्दीका प्रमुख जिल्ला अधिकारी चिरञ्जीवि रानाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रदेशका विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुले कर्मचारी अभाव, सवारी साधानको अभाव, विनियोजित बजेट कम विनियोजन भएको गुनासो गर्नु भएको थियो । अर्थ मन्त्रालयका शाखा अधिकृत केशव सुवेदीले संचालन गरेको कार्यक्रममा मन्त्रालयकै शाखा अधिकृत दिलीप सुवेदीले स्वागत गर्नु भएको थियो।

# गण्डकीमा २३ जना कोरोना संक्रमणमुक्त

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा २३ जना कोरोना संक्रमणबाट मुक्त भएका छन्।

यस अवधिमा २७ जना सङ्क्रमित थपिएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र गण्डकीका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

थपिनेमा कास्कीका १३, नवलपरासी (बर्दाघाट सुस्तापूर्व) का ६, बागलुङका चार, म्याग्दीका दुई तथा लमजुङ र तनहुँका एक/एक जना छन्। प्रदेशमा सक्रिय सङ्क्रमितको सङ्ख्या ३३१ रहेको छ। हाल होम आइसोलेसनमा २९६ जना रहेका निर्देशनालयले जनाएको छ।

# थप ३७७ जनामा कोरोना पुष्टि, चारको मृत्यु

रासस
काठमाडौं, ३० कार्तिक

देशभर पछिल्लो २४ घण्टामा थप ३७७ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय नौ हजार १४९ को कोरोना परीक्षण गरिएको थियो।

नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या आठ लाख १७ हजार ६७२ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९५ हजार १७४ रहेको छ । आज १७० जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या सात लाख ९८ हजार ७१४ पुगेको छ। निको हुने दर ९७.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। पछिल्लो २४ घण्टामा थप चार जनाले कोरोनाबाट ज्यान गुमाएका छन् । योसँगै हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ४८२ पुगेको छ। अहिले कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ । त्यसैगरी पछिल्लो समय ७९ हजार ५६९ जनाले कोरोनाविरुद्धको खोप लगाएका मन्त्रालयले जनाएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ४७६ छ। अहिले होम आइसोलेसनमा ६ हजार ९८४, संस्थागत आइसोलेसनमा ४९२, आइसियुमा २१९ र भेन्टिलेटरमा ५९ जनाले उपचार गराइरहेका छन्।

# महाधिवेशन...

हुने आँकलन गरिएको जानकारी दिनुभयो। महाधिवेशन उद्घाटन सत्रमा अन्य जिल्लाबाट ठूलो सङ्ख्यामा सहभागी गराइँदै छ। पाँच लाखभन्दा बढी सहभागी गराउने जनाइएको छ । चितवननबाट जनपरिचालनको नेतृत्व गर्नुभएका केन्द्रीय सदस्य देवी ज्ञवालीका अनुसार जनसहभागिताका लागि प्रत्येक पार्टी र जनसङ्गठनलाई सक्रिय बनाइएको छ। यसबीचमा वडा कमिटीको बैठक, वडा र टोलटोलमा सदस्य, समर्थक र शुभेच्छुकको भेला, निमन्त्रणापत्र वितरण र प्रचार सामग्री घरघरमा पुऱ्याइने छ । पार्टीले वडा तथा पालिका कमिटीलाई आ-आफ्नो क्षेत्रभित्रको राजमार्गको सरसफाइ, स्वागतद्वार तथा घडा राखेर स्वागत गर्ने व्यवस्था गर्न समेत भनेको छ।


२०७८ साल कार्तिक २५ गतेदेखि
मंसिर ९ गतेसम्म हुने
राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।

कोही नछुटौं, कोही नदोहरिऔं ।
बसोबास गरेकै ठाँउबाट आफ्नो
विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र
वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले भुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

**सम्पादकीय**

# न्याय पाउने अधिकार नरोक

सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शमसेर जबरालाई पदच्यूत गर्न नेपाल बार एशोसिएसनले आन्दोलनका कार्यक्रम थप गरेको छ । मंसिर ३ गतेसम्म राजिनामा माग गर्दै थालिएको कार्यक्रमलाई निरन्तरता दिएको छ । वार्ता र संवाद भन्दा बारपार गर्ने गरि गतिविधि बढाएको छ । जनताको न्याय पाउने हक भन्दा प्रधानन्यायाधीश हटाउने आन्दोलन प्रमुख बनाउने गरि लागेको छ । न्यायाधीशहरू निरन्तर इजलासमा नबस्दा कस्तो अवस्था आउँछ भन्नेमा आन्दोलनकारीले सोचेर छैनन् । सत्ता चलाउने र आन्दोलन गर्ने एउटै कित्तामा हुँदा पनि निकास ननिस्कनु सोचनीय विषय हो । वर्तमान सत्ता गठबन्धनले सर्वोच्च अदालतमा देखिएको विद्यमान विवाद तत्काल समाधान गर्न प्रधानन्यायाधीश चोलेन्द्र शमसेर जबरालाई आग्रह गरेको छ ।

मंगलबार बसेको पाँच दलीय गठबन्धन समन्वय समितिको बैठकले न्यायपालिकाको स्वतन्त्रता, गरिमा, विश्वसनियता र स्वच्छतालाई कायम राख्ने गरी निकास दिन प्रधानन्यायाधीश जबरासँग आग्रह गरेका हो । प्रधानन्यायाधीश नतोके पनि निसाना त्यतै छासबैको ध्यान सरकार र सत्ता गठबन्धनका नेताहरूसँग रहेको थियो । तीन हप्तापछि बसेको गठबन्धनका नेताहरूले गोलमटोल भाषा आउनु पानीमाथिको ओभानो देखिनु हो । पाँच दलीय गठबन्धनले विज्ञप्ति जारी गर्दै यतासक्य छिटो निकाश दिन प्रधानन्यायाधीशलाई आग्रह गरेको छ । सत्ता गठबन्धनले घुमाउरो पारामा अदालतको विवाद समाधान गर्न नसके मार्ग प्रशस्त गर्न आग्रह गरेको छ । लामो समय आन्दोलन गर्दा जनताको धारणा नकारात्मक हुने बुझेर केही न्यायाधीश इजलासमा फर्केका छन् ।

नेपाल बार र सर्वोच्च बारका प्रतिनिधिससँगको छलफलमा मंगलबार न्यायाधीशहरूले प्रधानन्यायाधीश गैरजिम्मेवार बनेपनि नागरिकको न्यायिक अधिकार सुनिश्चित गर्न संवेदनशील बन्नुपर्ने बताए । केही शर्त पुरानो भए इजलासमा बस्ने जनाउ दिएका छन् । उनीहरूले लामो समयसम्म इजलास रोकिँदा नागरिकको न्यायिक अधिकार प्रभावित बनेको बारलाई स्मरण गराएका छन् । उनीहरूले 'नागरिकलाई कहिलेसम्म न्यायिक अधिकारबाट वञ्चित गर्ने' भनेर प्रश्न गरेका थिए । प्रधानन्यायाधीश हुने लाइनमा भएका र प्रधानन्यायाधीश बन्न नसक्ने बीचमा खटपट भएको छ । आन्दोलनमा हरेकका आ आफ्नै स्वार्थ रहेको छ । धेरैले जसो आन्दोलनमा रमाउने छन् । कसैमाथि बढी आशा नगर्नेहरुलाई निल्नु न ओकल्नु भएको छ । अब सडकमा तमासा देखाउनु भन्दा सत्तागठबन्धनले मूर्त विकल्प दिएर हल खोज्न सघाउनु पर्दछ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शारीरिक झमेला |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : मन चञ्चल |
| कर्कट | : आर्थिक समस्या | मकर | : व्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : मानसिक तनाव | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# महिला मृत फेला

पोखरापत्र संवाददाता
दमौली, ३० कार्तिक

तनहुँको व्यास नगरपालिका-२ स्थित बुल्दी खोला नजिक आज एक महिला मृतावस्थामा फेला परेकी छन् । व्यास नगरपालिका-१ भादगाउँ निवासी ३३ वर्षीय स्यानु गुरुङ दरै मृतावस्थामा फेला परेकी हुन् ।

बुल्दीखोला नजिक रहेको पखालमा झुण्डिएको अवस्थामा उनको शव फेला परेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो । स्थानीयवासीले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । "प्रहरी निरीक्षकको नेतृत्वमा घटनाको अनुसन्धान भइरहेको छ, हत्या हो कि आत्महत्या अहिल्यै भन्न सकिने अवस्था छैन", उहाँले भन्नुभयो ।

# पोखरामा म्याक्सवेलको सम्मेलन, विभिन्न कर्मचारी पुरस्कृत

पोखरापत्र संवाददाता
पोखरा, ३० कार्तिक

अन्तर्राष्ट्रिय मार्केटिङ कम्पनी म्याक्सवेलले पोखरामा भर्चुअल मार्फत वार्षिक सम्मेलन सम्पन्न गरेको छ ।

कोरोना भाईरसको महामारीका कारण रोकिएको वार्षिक सम्मेलन नेपालका विभिन्न शाखाहरुको उपस्थितिमा मंगलबार भर्चुअल मार्फत सम्पन्न गरेको हो । सो सम्मेलनमा म्याक्सवेल चितवन शाखा, नेपालगञ्ज शाखा, धरान शाखा, काठमाडौं तथा विराटनगरबाट शाखा प्रमख सहितको उपस्थिति रहेको म्याक्सवेल पोखरा शाखा म्यानेजर रोशन लिम्बुले बताए ।

म्याक्सवेलको सहसंथापक सञ्जिव मण्डलले होस्ट गरेको जुम मिटिङमार्फत विभिन्न शाखाका



कर्मचारीहरु पुरस्कृत भएको लिम्बुले जानकारी दिए । उनका अनुसार म्याक्सवेल पोखरा नगद रु ८० हजार सहित ट्रफिद्वारा पुरस्कृत बन्यो । त्यसैगरी म्याक्सवेल चितवन शाखा ४८ हजार नगद तथा ट्रफिद्वारा पुरस्कृत भयो । उत्कृष्ट लिडरको उपाधि पाउदै चितवन शाखाकै कर्णविर परियारले नगद रु ३२ हजार सहित ट्रफी प्राप्त गरे । यसैगरी विभिन्न शाखाका कर्मचारीहरुले विभिन्न विधामा उत्कृष्ट कार्यसम्पादन गरेको भन्दै पुरस्कृत बनेका थिए ।

सो भर्चुअल सम्मेलनमा नेपालका विभिन्न शाखा तथा भारतको मनिपुर, कलकत्ता तथा सिलोङ लगायत विभिन्न शहर हरुबाट म्यानेजर तथा कर्मचारीहरुको उपस्थितिथ रहेको थियो ।

# उत्पादन बढेपछि किवीको मूल्य घट्यो

पोखरापत्र संवाददाता
बागलुङ, ३० कार्तिक

बागलुङ जिल्लाको बडिगाड गाउँपालिकाका अध्यक्ष मेहरसिंह पाइजाले वार्षिक १० हजार केजी किबी उत्पादन गरेर बजार पठाउनुहुन्छ । जिल्लामा पहिलो पटक किबीको व्यावसायिक उत्पादन थाल्नुभएका उहाँले जिल्लामा किबी जागरणनै ल्याउनुभएको छ । अहिले जिल्लाको पालिकास्तरमा मात्रै हैन प्रत्येक गाउँगाउँमा किबीखेती भइरहेको छ ।

नगदेबालीको रूपमा रहेको किबीलाई फलको राजासमेत भनिँदै आइएको छ । जिल्लामा एक दशकदेखि व्यावसायिक खेतीगर्न थालिएको किबीको अहिले लहर नै चलेको छ तर जिल्लामा हचुवाको भरमा खेती गर्नाले फल भने सानो लाग्ने गरेको छ । गाउँ-गाउँमा धेरै थोरै किबीको उत्पादन हुँदा मूल्यमा भने गिरावट आएको छ । उहाँले किबीको मूल्य सुरुमा एक हजार भए पनि अहिले मूल्य घटेर तीन/चार सयप्रति केजीमा सीमित भएको बताउनुभयो ।

पाइजाको अनुसार गुणस्तरीय किबी उत्पादन भएमा अहिले पनि प्रतिकेजी ६०० रुपैयाँमा बिक्री हुँने उहाँको भनाइ छ । "खेती गर्ने किसान त बढेका छन् त्यसैले उत्पादन बढेर पनी बजारको मूल्य घटेको हो तर गुणस्तरीय किबी अझै उत्पादन हुनसकेको छैन, बागलुङमा विदेशमा फल्ने किबी र यहाँ फल्ने किबीमा धेरै फरक छ" अध्यक्ष पाइजाले भन्नुभयो,"एकीकृत उत्पादन गर्ने र एउटा ब्राण्ड बनाएर बेच्ने भने मात्रै मूल्य पाइन्थ्यो, हाम्रो छरिएको उत्पादन र छरिएको बजारले गर्दा समस्या भएको हो तैपनी किसानको किबीप्रतिको मोहो राम्रो छ ।" उहाँका अनुसार प्राविधिकको सल्लाह बमोजिम किबीको बिरुवाको काटछाट र मलजल गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले २५ रोपनीमा १० वर्षदेखि किबीखेती गर्दै आउनुभएको छ । यस्तै काठेखोला गाउँपालिका-७का वडध्यक्ष प्रेम लामिछाने परीक्षणका लागि लगाइएको किबीका बिरुवाले दुईवर्षदेखि उत्पादन दिन थालेको बताउनुभयो । उहाँले दुई रोपनी जग्गामा लगाउनुभएको ३० किबीका बोटले गत वर्षदेखि उत्पादन दिनथालेपछि किबी खेतीको विस्तार गर्ने योजनामा हुनुहुन्छ । उहाँले भन्नुभयो "मैले व्यावसायिक रूपमा नलगाएर परीक्षणको लागि मात्रै लगाएको हुँ, किबीले राम्रो उत्पादन दिन सुरु गरेको छ, गतवर्ष १०० केजी किबी बिक्री गरेको थिएँ, अहिले त्यो भन्दा बढी बिक्री गर्ने योजनामा छु ।" पाँच वर्षअघि किबीको मूल्य प्रतिकेजी रु एक हजार थियो तर अहिले मूल्य घटेर रु ३०० मा झरेको छ । लामिछानेको भनाइ छ ।

सिगानामा पहिलो पटक किबीखेती भित्र्याउनुभएका पूर्व शिक्षक अनन्तबहादुर खड्काले यसवर्ष उत्पादन घटेको बताउनुभयो । आठ वर्षदेखि किबीखेती गर्दै आउनुभएका खड्काले यसवर्ष किबीको बिरुवा काटछाँट गर्न नपाउँदा समस्या भएको बताउनुभयो । उहाँले यसवर्ष जम्मा ३०० केजी किबी बजार पठाउने तयारीमा हुनुहुन्छ । खड्काले पनि भनेजस्तो मूल्य नपाएको गुनासो गर्नुभयो ।

उहाँले गतवर्ष उत्पादन गरेका किबीलाई पोखरामा बजारीकरण गरेको जानकारीदिनुभयो । यस्तै जिल्लाको ताराखोला, ढुलिभाटी, निसीखोला बजार, बलेवा र जैमिनीलगायतका क्षेत्रमा समेत किबी खेतीप्रति किसानको आकर्षण रहेको छ । सिगानाकै हरिबहादुर जिसीले पाँच वर्षदेखि आफ्नो कृषि फर्ममा किबी उत्पादन गर्दै आउनुभएको छ । कृषि क्षेत्रको जागिरे जीवन अवकासपछि उहाँले गाउँमै कृषि तथा पशुपक्षी फर्म सञ्चालनमा ल्याउनुभएको छ ।

किबीको बिरुवा बढ्दै गएपछि झालमा परिणत हुँने गरेको छ । किसानले झाललाई राम्रो थाँक्रो हाल्नसके मात्रै किबीको राम्रो उत्पादन हुन्छ । जिल्लामा उत्पादन भएको किबीको फल सानो भएकाले मूल्यमा गिरावट आएको व्यापारी बताउँछन् ।

# जीर्ण मन्दिर दाताले बनाइदिने

पोखरापत्र संवाददाता
बलेवा, ३० कार्तिक

दैनिक पाठ, पूजा र पठनपाठनकै लागि खर्च अभाव भोगिरहेको विद्यालयले परिसरमा रहेको मन्दिर पुनर्निर्माणका लागि पनि दाता भेटेको छ ।

दमेक घर भई काठमाडौंमा पेसा व्यवसाय गर्दै आउनुभएका माधव सापकोटाले हरिहर मन्दिरको पुनर्निर्माण गर्ने हुनुभएको छ । भूकम्पका बेला हल्लिएर जीर्ण भएको मन्दिर विद्यालयले पुनर्निर्माण गर्न सकेको थिएन । सरोकारवाला निकायको कम चासोका कारण पुनर्निर्माणको सूचीमा समेत नपरेको मन्दिर सापकोटाले व्यक्तिगत खर्चमा पुनर्निर्माण गर्ने हुनुभएको हो । दुई महिनामा पुनर्निर्माणको काम सक्नेगरी मन्दिरको शिलान्यास भएको छ ।

"मन्दिर पुनर्निर्माण गर्दा लाग्ने खर्च सबै व्यक्तिगत हुन्छ, अहिले मूल्य नतोकौं," व्यवसायी सापकोटाले भन्नुभयो, "हामी जतिसक्दो छिटो मन्दिर तयार गर्छौं ।" स्थानीयवासीका अनुसार मन्दिरको पुनर्निर्माणका लागि २० देखि २२ लाख खर्च हुने अनुमान गरिएको छ ।

# तीन महिनामा वस्तु आयात १२.७ प्रतिशतले घट्यो

रासस
काठमाडौं, ३० कार्तिक

चालु आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा कूल वस्तु आयात १२.७ प्रतिशतले घटेर रु दुई खर्ब ९२ अर्ब २७ करोड कायम भएको छ ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको विवरणअनुसार अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १०.३ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ६.६ प्रतिशत, २६.९ प्रतिशत र १९.० प्रतिशतले घटेको छ । वस्तुगत आधारमा चामल, कच्चा सोयाबिन तेल, दूरसञ्चारका उपकरण तथा पार्टपुर्जा, खाने तेल, कोइलालगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पाटपुर्जा, हवाईजहाज तथा पाटपुर्जा, अन्य मेसिनरी तथा पाटपुर्जा, कच्चा पाम तेललगायतका वस्तुको आयात घटेको छ ।

निर्याततर्फ सुख्खा बन्दरगाह, कैलाली, कञ्चनपुर र रसुवा भन्सार कार्यालयबाहेकका नाकाबाट गरिएको निर्यातमा वृद्धि भएको छ । आयाततर्फ भैरहवा, विराटनगर, नेपालगञ्ज, कृष्णनगर र कैलाली भन्सार कार्यालयबाहेकका नाकाबाट भएको आयातमा ह्रास आएको छ । आर्थिक वर्ष २०७७/७८ को तीन महिनामा कूल वस्तु व्यापार घाटा १५.१ प्रतिशतले घटी रु दुई खर्ब ६१ अर्ब २२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटामा १२ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात १०.६ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.१ प्रतिशत रहेको थियो । आव २०७७/७८ को तीन महिनामा कूल वस्तु निर्यात १४.३ प्रतिशतले वृद्धि भई रु ३१ अर्ब पाँच करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १४.४ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः १९.४ प्रतिशत र ७.४ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फ ५३.२ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा जुटका सामान, धागो (पोलिष्टर तथा अन्य), चाउचाउ, अलैंची, पश्मिनालगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, दाल, जस्तापाता, हस्तकलाका सामान, छालालगायतका वस्तुको निर्यात घटेको छ ।

सो अवधिमा चालु खाता रु ३४ अर्ब ३६ करोडले बचत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु २२ अर्ब ४७ करोडले घाटामा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १९ करोड ८४ लाखले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा रु २८ करोड ८२ लाखले बचत छ । सो अवधिमा पुँजीगत ट्रान्सफर ३.३ प्रतिशतले कमी आई रु तीन अर्ब ५६ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी २६.८ प्रतिशतले कमी आई रु दुई अर्ब ९२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु तीन अर्ब ६८ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु तीन अर्ब ९९ करोड थियो ।

**प्रदेश सरकार**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**संक्रामक तथा सरुवा रोग अस्पताल**

**गण्डकी प्रदेश**

**कास्की नेपाल**

**(प्रथम पटक प्रकाशित मितिः २०७८।०८।०१)**

प्रस्तुत बिषयका सम्बन्धमा यस संक्रमक तथा सरुवा रोग अस्पताल कास्कीको लागि स्वीकृत अस्थाई दरबन्दीमा रित्त रहेको विशेषज्ञ चिकित्सक MD(General Practice & Emergency Medicine) करार सेवामा भर्ना गर्ने सम्बन्धमा अस्पतालको मिति २०७८/०७/३० गतेको निर्णय अनुसार तपशिल बमोजिमका पदमा करार सेवामा लिनुपर्ने भएकोले चिकित्सक वा स्वास्थ्यकर्मी छनौट सम्बन्धी कार्यबिधि २०७६को (चौथो संसोधन) दफा २३ (क) बमोजिम यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र यस अस्पतालमा लिखित निवेदन दिनु हुन सबैको जानकारीको लागि यो सूचना आब्हान गरिएको छ । अन्य थप जानकारीको लागि अस्पतालको सर्म्पक नं ०६१-५६१३६६/०६१-५६१२६८ मा सर्म्पक राख्नु हुन अनुरोध गरिन्छ ।

**तपशिल**

| क्र. सं | पद | तह | माग संख्या | परिक्षा दस्तुर | परिक्षा माध्यम | तलव स्केल |
|---|---|---|---|---|---|---|
| १ | विशेषज्ञ चिकित्सक MD (General Practice & Emergency Medicine) | नवौं | १ (एक) | रु.१२००।- (एक हजार दुई सय मात्र) | अन्तरवार्ता | नेपाल सरकारको प्रचलित नियमानुसार |

- दरखास्त दिने अन्तिम मिति २०७८।०८।०१ देखि १५ दिनभित्र
- सर्म्पक मिति २०७८।०८।१६ गते १० वजे सो दिन सार्वजनिक विदा परे सो को भोलिपल्ट
- आवश्यक न्युनतम शैक्षिक योग्यता तथा अन्य आवश्यक कागजपत्रहरु

**न्युनतम योग्यता**

क. मान्यता प्राप्त विश्व विद्यालयबाट MD (General Practice & Emergency Medicine) उत्तीर्ण गरि नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ चिकित्सकको रुपमा दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

ख. नेपाली नागरिकताको प्रतिलिपि

ग. निवेदन पत्र

घ. कार्य अनुभव भए सो को प्रमाण

उमेर हकमा १८ बर्ष पुरा पुगेर ४५ बर्ष ननाघेको

- परीक्षा दस्तुर तिर्ने राष्ट्रिय बाणिज्य बैंकमा राजश्व शिर्षक १४२२४, परीक्षा शुल्क राजश्व खाता १०००१००५०१००४००० कार्यालय कोड नं ३५५०६३५०३४

कार्यकारी निर्देशक

# दाताको भरमा संस्कृत पाठशाला

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३० कार्तिक**

स-साना बालक आवासीय सुविधाका साथ संस्कृत भाषाको अध्ययन गर्छन् ।

भाषा अध्यापन गराउने गुरुबाहेक अङ्ग्रेजी र गणित तथा अन्य अध्यापन गराउने शिक्षक पनि छन् । चार शिक्षकले ७ कक्षासम्म पढाउँछन् । जीर्ण हरिहर मन्दिर परिसरमा रहेका स-साना कोठामा सुन्दर भविष्य खोजिरहेका छन् बालक । खाना, बस्न र कक्षा ७ सम्मको अध्ययन सबै निःशुल्क हुन्छ तर हरेक दिन दाताको भरमा

बागलुङका जैमिनी नगरपालिका-२ दमेकमा रहेको जैमिनी संस्कृत पाठशाला मन्दिरमा चढ्ने भेटी र दाताको सहयोगकै भरमा सञ्चालन हुँदै आएको छ। दमेकमा रकेको हरिहर मन्दिर परिसरमा रहेको पाठशाला २०४९ सालयता दाताकै भरमा सञ्चालनमा छ। "कसै छाक कटाएर दिनुहुन्छ, कसैले फजुल खर्च कटाएर दिएको दानका भरमा छ, विद्यालय," विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्ण रिजालले भन्नुभयो, "गुरुहरूको पारिश्रमिकको लागिसमेत दाताकै भर छ।"

विद्यालयले बेलाबेलामा महापुराण, सप्ताह, गणेश पुराणलगायत धार्मिक कार्यमार्फत जम्मा भएको दानदक्षिणाबाट समेत खर्च जुटाउने गरेको छ । विद्यालयमा २२ जना बालकले अध्ययन गर्छन् । एकजना शिक्षकको दरबन्दी रहेको विद्यालयका लागि एकजना राहत दरबन्दी एकजना करारमा जैमिनी नगरपालिकाले उपलब्ध गराएको छभने एकजना महर्षि फाउन्डेसनले संस्कृत भाषाका गुरुको दरबन्दी दिएको छ तर तोकिएर आएको पारिश्रमिकले मात्रै पाठशालाको खर्च चल्दैन्। "समुदायको निरन्तरको प्रयास र सहयोगले मात्रै विद्यालय चलेको छ," उहाँले भन्नुभयो, "जीर्ण भएका भवन र मन्दिर बनाउन सकिएको छैन ।" २०४२ सालमा जैमिनी ऋषिको तपस्यास्थल जैमिनीधाममा स्थापना भएको विद्यालय २०४९ सालमा दमेकमा स्थानान्तरण भएको थियो । जैमिनीधाममा स्रोत जुटाएर पठनपाठन सञ्चालन गर्न कठिन भएपछि विद्यालय दमेकमा स्थानान्तरण भएको थियो । हरिहर मन्दिर व्यवस्थापन समितिको मातहतमा सञ्चालन हुने भए पनि मन्दिरको गुठी नरहेको र भेटीसमेत कम चढ्ने भएकाले विद्यालय चलाउन समस्या हुने गरेको उहाँले सुनाउनुभयो। दमेक र आसपासका क्षेत्रबाट पेसा व्यवसायमा लागेकाहरूले विद्यार्थीका लागि आवश्यक खाद्यान्न, लत्ताकपडा, नगदलगायत सामग्री बेलाबेलामा सहयोग गर्ने गरेका छन् । नियमित आम्दानीको स्रोत विद्यालयसँग छैन।

# नेपाली श्रमिकलाई थप रोजगारीका अवसर सिर्जना गर्न इजरायल सकारात्मक

**रासस**
**काठमाडौं, ३० कार्तिक**

नेपालीका लागि आकर्षक श्रम गन्तव्यका रूपमा रहेको इजरायलले नेपाली श्रमिकलाई थप रोजगारीका अवसर सिर्जना गर्न सकारात्मक रहेको जनाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठसँग आज नेपालका लागि इजरायली राजदूत हनान गोदरले भविष्यमा 'केयर गिभर'बाहेक अन्य पेशागत क्षेत्रमा पनि नेपालीलाई रोजगारीको अवसर प्रदान गर्न तयार रहेको बताउनुभयो।

भेटमा मन्त्री श्रेष्ठले इजरायलका अन्य पेशागत क्षेत्रमा समेत नेपालीलाई रोजगारीको अवसरका लागि पहल गरिदिन आग्रह गर्नुभएको श्रम मन्त्रालयले जनाएको छ । अहिले करिब १२ हजार नेपाली कामदार इजरायलमा कार्यरत छन् । सन् २०२० मा भएको श्रम सम्झौताअनुसार नेपाली नागरिकलाई इजरायलको दीर्घकालीन सेवा केन्द्रमा सहायक कामदारको रूपमा एक हजार १७५ जनालाई इजरायलले रोजगारी प्रदान गरेको छ । केयर गिभरमा इजरायल जानका लागि भाषा पास गरेकाहरू छिट्टै रोजगारीका लागि इजरायल जाँदैछन् । योग्यता प्रणालीअनुरूप रोष्टरमा रहेका बाँकी ४२५ जनालाई समेत रोजगारीको अवसरदिननेपाललेआग्रहगरिरहेको छ।

प्रदेश सरकार
भूमि ब्यबस्था, कृषि सहकारी तथा गरिवी निवारण मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकाश निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
स्याङ्जा, गण्डकी प्रदेश

## शिलबन्दी दरभाउ-पत्र आब्हानको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०७८।०८।०१)

**भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र स्याङ्जाको लागि प्रयोगशाला तथा डिस्पेन्सरीको लागि उपकरण आवश्यक परेको हुदा ईच्छुक फर्म, ब्यक्ति वा कम्पनीले तपशिल बमोजिमको शर्तको अधिनमा रही शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि दोस्रो पटक आब्हान गरएिको छ ।**

**तपशिल :**

१. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले ७औं दिनसम्म कार्यालयको समयभित्र नगद रु.१०००।- तिरी (पछि फिर्ता नहुने गरी) कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. दरभाउ पत्र खरिद गर्दा नविकरण भएको ईजाजत पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाण-पत्र, भ्याट दर्ता भएको पत्रको प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ता, नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३. सूचना प्रकाशन भएको ८औं दिन दिनको १२ बजेसम्ममा शिलबन्दी दरभाउ-पत्र यस कार्यालयमा पेश गरी सक्नु पर्नेछ र सोही दिन दिनको १:०० बजे कार्यालयमा प्रतिनिधीहरुको रोहवरमा शिलबन्दी दरभाउ-पत्र खोलिनेछ, उक्त दरभाउ-पत्र १ वटा मात्र परे पनि खोल्ने समयमा दरभाउ-पत्र दाता उपस्थित नभएमा पनि शिलबन्दी दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन ।

४. शिलबन्दी दरभाउ-पत्र साथ शिलबन्दी दरभाउ-पत्र दाताले न्युनतम कबोल अंकको ३ प्रतिशतले हुन आउने रकम धरौटी वापत प्रदेश लेखा इकाई कार्यालयको ने.वै.लि. स्याङ्जा स्थित हि.नं ०७२०२००००२००३०००००१ मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको मान्य अवधी भएको वाणिज्य बैकबाट जारी गरिएको जमानत पत्र समावेश गर्नुपर्ने छ ।

५. सामान उपलब्ध गराउने अवधी दरभाउ-पत्र खोली सम्झौता भएको मितिले १ महिनाको हुनेछ ।

६. सामान ढुवानी सम्वन्धी सम्पूर्ण शिलबन्दी दरभाउ-पत्र दाताले गर्नु पर्नेछ ।

७. हुलाक कुरियरबाट आएकोलाई मान्यता दिइने छैन, इन्टरनेटबाट पठाउने सुविधा दिइएको छैन ।

८. पेश हुन आउने दरभाउ-पत्र १०,०००००। (अक्षेरेपी दश लाख मात्र) सिमाभित्रको हुनु पर्नेछ ।

९. सबैभन्दा घटी कबोल अंक भएको दरभाउ-पत्र छनौटको लागि योग्य हुनेछ ।

१०. अन्य जानकारीको लागि कार्यालय समयमा ०६३:४२०१०८ मा सम्पर्क गर्न सकिने छ।

**कार्यालय प्रमुख**

# म्याग्दीका १९ सडक र मोटरेबल पुल अधूरा

**–सन्तोष गौतम**
**म्याग्दी, ३० कार्तिक**

म्याग्दीका १९ वटा सडक र मोटरेबल पुल निर्माणसम्बन्धी आयोजना अधूरा छन् । तोकिएको समयभित्र काम सम्पन्न नभएका आयोजनामा प्रदेश सरकारका ११ वटा र सङ्घीय सरकारका आठ वटा छन् । पूर्वाधार विकास कार्यालय म्याग्दीअन्तर्गत छ वटा सडक र पाँच वटा मोटरेबल पुल ढिलासुस्तीले थलिएका छन् ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाको तीन वटा प्याकेजका सडक र दुई वटा मोटरेबल पुल निर्माणको काम पनि समयमै पूरा हुन सकेका छैनन् । एक वर्षअघि नै निर्माण सकिनुपर्ने राष्ट्रिय पुनःनिर्माण प्राधिकरणद्वारा सञ्चालित पोखरेबगर-चित्रे सडकको ६० प्रतिशत र घारखोलाको मोटरेबल पुलको भौतिक प्रगति २२ प्रतिशत छ । विसं २०७७ माघमै सकिनुपर्ने सघन सहरी विकास डिभिजन कार्यालय बागलुङले सञ्चालन गरेको बेनीको मङ्गलाघाटदेखि हाडेभिर हुँदै बगरफाँट जोड्ने एक हजार ४०० मिटर दुरीको सडक कालोपत्रे गर्ने योजना पनि अधुरो छ।

पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख इञ्जिनीयर सन्तोष अर्यालले निर्माण व्यवसायीको समस्या, सङ्घबाट प्रदेशमा आयोजना हस्तान्तरणमा भएको प्रक्रियागत ढिलाइ, कोरोना महामारी, पहिरोबाढी र कटानका कारण सडक र पुल निर्माण कार्य प्रभावित भएको बताउनुभयो । "कोरोना र खरिद ऐनको संशोधनका कारण थपिएको सबै आयोजना आगामी चैत महिनामा सकिँदैछ", उहाँले भन्नुभयो, "अधुरो आयोजनालाई पूर्णता दिन ताकेता र समन्वय गरिरहेका छौं ।" पूर्वाधार विकास कार्यालयअन्तर्गत बेनी-दरबाङ सडकको दुई वटा प्याकेज, रत्नेचौर-बेनी सडकको दुई वटा प्याकेज, गलेश्वर-भगवती र दरबाङ धारापानी सडक आयोजनाको भौतिक प्रगति अपेक्षाकृत छैन । गत असारमै सकिनुपर्ने भारबाङस्थित म्याग्दी खोला र अर्गलाको मराङखोलाको पुलको दुईतर्फ पिल्लर ठडाएका छन् । छ्यारछ्यारेको म्याग्दी खोलाको पुलको जग मात्र खनिएको छ। दुई वर्षअघि सम्झौता भएको दाङखोलाको पुल निर्माण अझै सुरु भएको छैन । दुई वर्षअघि नै बनेको स्वाँतखोलाको मोटरेबल पुलसम्म पुग्ने पहुँचमार्ग निर्माण नहुँदा प्रयोगमा आउन सकेको छैन । दुई वर्षअघि नै सकिनुपर्ने विसं २०७३ मा सुरु भएको बेनी-जोमसोम-कोरला सडक आयोजनाको गलेश्वर-नारच्याङपुल खण्डको ६० प्रतिशत, नारच्याङ पुल-घाँसा खण्डको ६० प्रतिशत र गलेश्वर-राहुघाट खण्डको भौतिक प्रगति ७० प्रतिशत छ। आयोजना प्रमुख जगत प्रजापतिले गलेश्वरस्थित राहुघाट नदीमा निर्माणाधीन ४० मिटर लामो मोटरेबल पुल अन्तिम चरणमा पुगेको बताउनुभयो । ६६ प्रतिशत भौतिक प्रगति भएको रुप्सेखोलामा निर्माणाधीन ४० मिटर लम्बाइको मोटरेबल पुल बाढीपहिराले क्षतिविक्षत भएपछि पुनःठेक्का आह्वानको तयारी भएको छ । पोखरेबगर र महभिर स्थित कालीगण्डकी नदीमा हालै पक्की पुल निर्माण गरेको सडक विभागअन्तर्गत पुल महाशाखाले बेगखोलामा पनि पक्की पुल बनाउन ठेक्का प्रक्रिया सुरु गरेको छ। सडक र पुल निर्माणमा भएको ढिलासुस्तीले स्थानीयवासीलाई आवतजावतमा सास्ती, दुर्घटनाको जोखिम, आयोजनाको लागत र ढुवानी खर्च बढेको म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो । निर्माण व्यवसायी सङ्घ म्याग्दीका अध्यक्ष नारायण जिसीले नीतिगत समस्या, नदीजन्य निर्माण सामग्रीको अभाव, पर्याप्त बजेट विनियोजन र समयमा भुक्तानी नहुनु, विद्युत्का पोल र तार तथा खानेपानीको पाइप ब्यवस्थापनमा समन्वयको कमी र सामाजिक समस्याका कारण निर्माणमा असर परेको बताउनुभयो।

जिल्ला प्रशासन कार्यालयले सोमबार बेनीमा आयोजना गरेको सम्बद्ध आयोजना, निर्माण ब्यवसायी, जनप्रतिनिधिको संयुक्त बैठकमा निर्माण व्यवसायीले पूर्वनिर्धारित समय, लागत र गुणस्तरमा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन् । प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी रानाले सडक र मोटरेबल पुलमा देखिएको समस्या पहिचान गरी निर्माणमा तीव्रता दिने प्रतिबद्धतापत्र जारी भएको जानकारी दिनुभयो।

बैठकपछि निर्माण कार्यलाई गति दिन नदीजन्य निर्माण सामग्रीको व्यवस्थापनका लागि जिसस, पालिका र निर्माण व्यवसायीबीच समन्वय गर्ने, खानेपानी र विद्युत्सँग सम्बन्धित समस्या समाधानका लागि समन्वय गर्ने, राजनीतिक र प्रशासनिक नेतृत्वले अनुगमन र सहजीकरण गर्ने निर्णय भएका प्रजिअ रानाले बताउनुभयो। छलफलमा गण्डकी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री नरदेवी पुन, सांसद विनोद केसी, संविधानसभा सदस्य नवराज शर्मा, जिल्ला समन्वय समितिका प्रमुख देवेन्द्र केसी, रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारी, मालिका गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोका, नेकपा (एमाले)का अध्यक्ष हरिकृष्ण श्रेष्ठ, माओवादी केन्द्रका जिल्ला संयोजक रेशम जुग्जालीले ढिलासुस्तीले नागरिकले सास्ती पाएको, आयोजनाको लागत बढेको र अलपत्र बनेका बताउनुभयो।

**Provincial Government**
**Ministry of Health and Population**
**Infectious and Communicable Disease Hospital**
**Pokhara-30, Mohoriya, Kaski**
**Gandaki Province, Nepal**

## Invitation for Sealed Quotation For the Construction of Canteen Block

**Contract Identification No : ICDH/Works/SQ/ebid-01/078-79**

**Date of Publication: 17 November 2021**

1. The Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski invites electronic sealed quotations from Nepalese eligible bidders for the construction of Canteen Block. The estimated amount for the works is NRs. 14,90,210.82 (Exclusive VAT and Contingency).
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski, Ph no.061-561268 or may visit PPMO e-GP system website www.bolpatra.gov.np/egp.
3. Bidding documents must be purchased through web portal www.bolpatra.gov.np/egp upon payment of a non-refundable fee of Rs.1000.00 by cash deposit in the account specified below: And submit the receipt Voucher along with the bid.
   Name of the Bank: Rastriya Banijya Bank Ltd. Prithvi Chowk Branch
   Name of the Office: Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No: 3550639014
   Account No: 1000100501004000
   Rajaswa (revenue) Shirshak No:14229
4. Electronic bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 12:00 Noon 02 December 2021. Bids received after this deadline will be rejected.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 02 December 2021 on 13:00 hours at the office of Infectious and Communicable Disease Hospital,Pokhara-30, Mohoriya, Kaski. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 43,600.00, which shall be valid for 30 days beyond the validity period of the bid.i.e 75 days.
6. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the account specified below. And submit the receipt of the deposited amount of cash along with the bid.
   Name of the Bank : Rastriya Banijya Bank Ltd. Prithvi chowk, Pokhara
   Name of the Office : Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No : 3550639014
   Dharauti Account No: 3020100202030000 (Pradesh Lekha Niyantrak Karyalaya, Kaski)
7. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The remaining matters not covered in this notice shall be as per prevailing Procurement Act and Regulation.

**Office Chief**